# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : २ संख्या : ३ मिति : २०८२/१२/२५

भाग - १

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली

## स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार सेवा प्रवेश गरी स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुदलाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२

प्रमाणिकरण मितिः२०८२/१२/२५

गाउसभाबाट स्वीकृत मितिः २०८२/१२/१६

**प्रस्तावनाः**

कैलारी गाउँपालिकामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार सेवा प्रवेश गरेका साविकको (गा.वि.स., जि.वि.स. र नगरपालिका) कर्मचारीहरुलाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी विषयमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कैलारी गाउँपालिका आ.व .२०८२/०८३ को हिउदे गाउसभा अधिवेसनकोमिति २०८२/१२/१६ को गाउसभा अधिवेसनकोबैठकबाट यो "स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार सेवा प्रवेश गरेका कर्मचारीहरुदलाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गरी लागू गरिएको छ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम **"स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार सेवा प्रवेश गरी स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२"**रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति दिख लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

ख) **"कार्यविधि"** भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार सेवा प्रवेश गरेका कर्मचारीहरुलाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२सम्झनुपर्छ।

ग) **"कार्यालय"** भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

घ) **"कार्यपालिका"** भन्नाले कैलारी गाउँकार्यपालिका सम्झनु पर्छ।

ङ) **"गाउँपालिका"** भन्नाले कैलारी गाउँपालिका सम्झनु पर्छ।

च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कैलारी गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

छ) **"संविधान"**भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## उपचार खर्च, थप आर्थिक सुविधा र उपदान

२.१ **उपचार खर्चः**१) स्थानीय तहका कर्मचारीले सेवा अवधिभरमा अधिकृत स्तरका कर्मचारी भए बाह्र महिना बराबरको र सहायक स्तरको कर्मचारी भए अठार महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछ।

२) स्थानीय तहको कुनै कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको उपचार खर्च स्थानीय तहले दिनेछः-

क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिदिएको प्रेस्कृप्शन अनुसार औषधि किनेको खर्च,



राज समफ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

ख) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च,

ग) अस्पताल र स्वीकृतचिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा स्थानीय तहको कर्मचारीको हकमा प्रमुख प्रशासकीय र प्रमुख प्रशासकीयको हकमा स्थानीय तहले सिफारिस गरेको खर्च,

स्पष्टिकरणः स्वीकृत चिकित्सक भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट वा वैद्य समेतलाई जनाउनेछ।

घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च,

ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्ला वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्थामा भए एक जना कुरुवासम्मको यातायात खर्चको पुरै रकम र खाना खर्च बापत सम्बन्धित कर्मचारीले प्रचलित कानुन बमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम।

३) यस नियमबमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा सोको कारण मुनासिब देखिए यस नियमको अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ। त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ। त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै त्यस्तो कर्मचारी वा निजको परिवारको सदस्यको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ।

४) झुठ्ठा व्यहोरा पेश गरी यस नियमबमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी लगायत त्यस्तो झुठ्ठा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक ( कर्मचारी भएमा) उपर विभागीय कारबाही हुन सक्नेछ।

५) कुनै अस्थायी कर्मचारी बिरामी भएमा औषधि उपचारको लागि निकासा दिँदा बीस बर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा बिरामी हुने अस्थायी कर्मचारीले गरेको सेवा अवधिले हिसाब गरी यस नियमबमोजिम उपचार खर्च दिइनेछ तर अस्थायी कर्मचारी सेवाबाट अलग हुँदा भने यस नियम बमोजिम उपचार खर्च पाउने छैन।

६) भविष्यमा स्थानीय तहको सेवाको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट कुनै कर्मचारी सेवाबाट अलग हँदा यस नियम बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ

७) दश वर्ष सेवा अवधि नपुगेको कुनै कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिँदा यस नियममा तोकिएको रकमलाई दश वर्ष सेवा गरेवापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

८) यस नियमबमोजिम उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नुपर्नेछ। बिरामी बिदा बाँकी नभएमा मात्र अन्य विदा माग गर्न सक्नेछ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष



CamScanner

९) यस नियमबमोजिम अस्पतालमा भर्ना भई वा विदेशमा गई उपचार गराइएकोमा बाहेक कुनै कर्मचारीलाई उपनियम (१) को अधिनमा रही एक वर्षमा निजले खाइपाइ आएको डेढ महिनाको तलब बराबरको रकमसम्म उपचार खर्च दिन सकिनेछ।

१०) यस नियमबमोजिम कुनै कर्मचारीलाई लागेको रोग स्थानीय अस्पतालबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा कार्यालिकाको स्वीकृत लिई त्यस्तो कर्मचारीको उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको कुनै सुविधायुक्त अस्पतालमा छिटो साधनद्वारा लैजाँदा र त्यहाँबाट फर्कउँदा लाग्ने खर्च स्थानीय निकायले व्यहोर्नेछ।

२.२ **थप आर्थिक सहायता**: स्थानीय निकायको कामको सिलसिलामा चोटपटक लाग्न गई स्थानीय निकायको कुनै कर्मचारीको उपचार गर्नु परेमा सम्बन्धित जिल्ला अस्पतालको सिफारिसमा नेपाल अधिराज्यभित्र औषधि उपचार हुन नसक्ने भनि नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले ठहर गरेको कर्मचारीले विदेशमा गई उपचार गराउन परेमा स्थानीय निकायले उचित ठहऱ्याएको रकम थप आर्थिक सहायता दिन सक्नेछ।

२.३ उपदानः

१) पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको स्थानीय तहको स्थायी कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकाश दिइएमा देहायको दरले उपदान पाउनेछः-

क) पाँच वर्षदेशि दश वर्षसम्म सेवा गरेका स्थानीय तहमा कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइ पाइ आएको आधा महिनाको तलब बराबरको रकम,

ख) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका स्थानीय तहका कर्मचारीले आफूले गरेको प्रत्येक वर्षको निभित्त खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम,

ग) पन्ध्र वर्षदेखि बीस वर्षसम्म सेवा गरेका स्थानीय तहका कर्मचारीले आफूले गरेको प्रत्येक वर्षको निभित्त खाइपाइ आएको डेढ महिनाको तलब बराबरको रकम,

घ) बीस वर्षदेखि पच्चीस वर्षसम्म सेवा गरेका स्थानीय तहका कर्मचारीले आफुले गरेको प्रत्येक वर्षको निभित्त खाइपाइ आएको दुई महिनाको तलब बराबरको रकम,

ङ) पच्चीस वर्षभन्दा बढी सेवा गरेका स्थानीय तहका कर्मचारीले आफूले गरेको प्रत्येक वर्षको निभित्त खाइपाइ आएको अढाई महिनाको तलब बराबरको रकम,

२) बीस वर्षभन्दा बढी सेवा गरी अनिवार्य अवकाश पाउने स्थायी कर्मचारीले पाउने औषधि उपचार खर्चमा २०% थप गरी उपचार खर्चको रकम उपलब्ध गराइनेछ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

## परिच्छेद-३
## कोषव्यवस्थापन

१.गाउपालिकामापरिच्छेद २ बामोजिमको सेवा सुबिधा उपलब्ध गराउन कोषको निर्माण गरिनेछ।

२. उक्त कोषमा गाउपालिकाले प्रत्येक आ.वा.नियमित रुपमा बजेट बिनियोजन गरी जम्मा गर्नु पर्नेछ।

३.कोषको रकम खर्च सम्बन्धि व्यवस्था ;

३.१ कोषमा जम्मा भएको रकम कार्यविधिकोपरिच्छेद २ बामोजिमको सेवा सुबिधा उपलब्ध गराइनेछ।

३.२ कोषमा जम्मा भएको रकम अन्य प्रयोजनमा खर्च गर्न पाइनेछैन ।

४. गाउपालिका स्थापना हुनु भन्दा अगाडी साविकका गाउ विकास समितिहरुमा कर्मचारी कल्याण कोषमा जम्मा(संचित) भएको रकम यसै कार्यविधि बमोजिम कोषमा समायोजन गरिनेछ।

५. गाउपालिकाको स्थापना पाश्चातगाउपालिकाले कर्मचारी कल्याण कोष वा अन्य नामबाट स्थापना गरेको कोष र उक्त जम्मा भएको जम्मा भएको रकम यसै कोष बमोजिम भएको मानिनेछ।

## परिच्छेद-४
## विविध

**४.१ बाधा अड्काउ फुकाउने अधिकारः**

१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ।

३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ।

४.२ बचाउ तथा खारेजीः

१) यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

२) यो कार्यविधि लागु हुनुपर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

३) यव कार्यविधि प्रचलित कानूनसँग बाँझिएमा, बाझिएको हदसम्म लागु हुने छैन।

राज समफ्फ चौधरी
गा.पा. अध्यक्ष



CamScanner